# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan, Nepal


प. सं. ०७६/७७
च. नं. ८५९

मितिः २०७६/०५/१८

विषय : डेगुं रोग नियन्त्रण सम्वन्धमा ।

श्री वडा कार्यालयहरु (सबै)
श्री स्वास्थ्य संस्थाहरु (सबै)
श्री सामुदायिक बिद्यालयहरु (सबै)
भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिकाका विभिन्न स्थानहरुमा फैलिएको डेंगु रोग नियन्त्रण तथा रोकथामका लागि स्थानीय श्रोत साधनको परिचालन गरि तल उल्लेखित क्रियाकलापहरु संचालन गर्नुहुन र सो को प्रदिवेदन समेत पठाउनुहुन अनुरोध गरिन्छ ।

संचालन गर्नु पर्ने क्रियाकलापहरु

१. सबै वडा कार्यालयहरुले टोल विकास संस्था र वडा भित्र रहेका अन्य संघ संस्था परिचालन गरि वातावरर्णीय सरसफाई साथै लामखुट्टेको बासस्थान र लार्भा नष्ट गर्ने अभियान संचालन गर्ने।
२. सबै स्वास्थ्य संस्थाहरुले स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम्सेविकाहरु मार्फत डेंगु रोग नियन्त्रण सम्बन्धि स्वास्थ्य सन्देश संप्रेषण गर्ने । यसका साथै वडा कार्यालय मार्फत हुने क्रियाकलापहरुमा सहभागिता जनाउने र विद्यालयमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन गर्ने।
३. सवै विद्यालयहरुले स्वास्थ्य संस्थासँग समन्वय गरी विद्यालय स्वास्थ्य सचेतना कार्यक्रम संचालन गर्ने साथै विद्यार्थीहरुलाई परिवार, विद्यालय र समुदाय स्वच्छ राख्न उत्प्रेरित गर्ने ।
४. वडा कार्यालय र स्वास्थ्य संस्थाको समन्वयमा माइकिगं, डेंगु सम्वन्धि सुचना डेस्क स्थापना, पर्चा पम्पलेट वितरण लगायतका क्रियाकलापहरु नियमित रुपमा गर्ने ।
५. निजामती सेवा दिवस र राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा हुने क्रियाकलापहरुमा डेंगु रोग नियन्त्रण तथा रोकथाम सम्वन्धि क्रियाकलापहरुलाई समेत समावेश गर्ने ।

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री स्वास्थ्य कार्यालय, प्रदेश नं. ३, चितवन – आवश्यक प्राविधिक सहयोग र समन्वयका लागि ।

प्राविधिक सहयोग र समन्वयका लागि सम्पर्क
भरतपुर महानगरपालिका स्वास्थ्य शाखा, ०५६–५३०२४१, स्वास्थ्य कार्यालय, चितवन, ०५६–५२०२६९